**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ फरवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- श्रीमती रेखा गुप्ताले आज नयाँ दिल्लीको प्रतिष्ठित रामलीला मैदानमा दिल्लीको नयाँ मुख्यमंत्रीको रूपमा शपथ लिनुहुने छ।
- विदेश मंत्री डॉ. एस. जयशंकर 2 दिनको यात्रामा आज दक्षिण अफ्रीकाको जोहान्सबर्ग प्रस्थान गर्नुहुनेछ।
- 9 ओ एशिया आर्थिक वार्ता आज देखि महाराष्ट्रको पुणेमा आयोजित भैरहेको छ।
- इस्राइलका प्रधानमंत्री बेंजामिन नेतन्याहूले हमास सित युद्धविरामको दोस्रो चरणको बातचीतको नेतृत्व गर्न आफ्नो एकजना नजिकको विश्वासपात्रलाई नियुक्त गर्नुभएको छ।
- आईसीसी चैंपियंस ट्रॉफीको 9 ओ संस्करणको शुरुआतमा नै न्यूजीलैंडले हिज राती कराचीमा गत चैंपियन पाकिस्तानलाई 60 रनले पराजित गरेको छ। आज भारतको भिडन्त बांग्लादेशसित हुनेछ।

<u>दिल्ली-मुख्यमंत्री</u>

श्रीमती रेखा गुप्ताले आज नयाँ दिल्लीको प्रतिष्ठित रामलीला मैदानमा दिल्लीको नयाँ मुख्यमंत्रीको रूपमा शपथ लिनुहुने छ। दिल्ली भाजपा विधायक दलको बैठकमा हिज नेता चुनिए पछि उहाले राज निवासमा उपराज्यपाल विनय कुमार सक्सेना सित भेट गर्नुभयो अनि नयाँ सरकार बनाउने दावी पेश गर्नुभयो।उपराज्यपालले आज अपरान्ह 12 बजेर 35 मिनट जाँदा रेखा गुप्तालाई पद अनि गोपनीयताको शपथ ग्रहण गराउनुहुने छ। प्रधानमंत्री नरेंद्र मोदी, गृह मंत्री अमित शाह अनि रक्षा मंत्री राजनाथ सिंह पनि शपथ ग्रहण समारोहमा सामेल हुन सक्नेछन्। यस कार्यक्रममा लगभग 20 राज्यहरुका मुख्यमंत्रिहरु अनि उपमुख्यमंत्रिहरुलाई पनि आमंत्रित गरिएको छ। दिल्ली विधानसभा चुनावमा रेखा गुप्ताले शालीमार बाग सीट बाट जीत दर्ता गरेका हुन्। उहाले बर्ष 1992 मा एबीवीपी बाट दिल्ली विश्वविद्यालयको दौलत राम कॉलेजबाट आफ्नो राजनीतिक यात्रा शुरू गरेकी थिईन्। उहाँ दिल्ली विश्वविद्यालय छात्र संघका अध्यक्ष अनि दिल्लीमा भाजपा महिला मोर्चाको महासचिव पनि रहनु भैसकेकी छिन्।शपथ ग्रहण समारोहको अवधि धेरै भीड़ हुने आशंकालाई ध्यानमा राख्दै दिल्ली पुलिसले यातायात परामर्श जारी गरेको छ। आयोजनको अवधि यातायातलाई प्रबंधित गर्न केहि परिवर्तन अनि प्रतिबंध लागू रहनेछ।

****** ० ******

**<u>रेखा गुप्ता- शुभकामनाएं</u>**

दिल्लीको अगिल्लो मुख्यमंत्रीको रूपनमा रेखा गुप्ताको नामको घोषणा पछि गृह मंत्री अमित शाह अनि अन्य केंद्रीय मंत्रिहरु लगायत विभिन्न भाजपा नेताहरुले उहाँलाई बधाई दिनुभएको छ। गृह मंत्री अमित शाहले एक सोशल मीडिया पोस्टमा उहाँलाई बधाई दिनुहुदै उहाँको रेखा गुप्ता माथि पूर्ण विस्वाश रहेको बताउनु भएको छ। सूचना एवं प्रसारण मंत्री अश्विनी वैष्णवले पनि श्रीमती गुप्तालाई बधाई दिनुभएको छ। श्री वैष्णवले एक सोशल मीडिया पोस्टमा प्रधानमंत्री नरेन्द्र मोदीको नेतृत्वमा दिल्लीमा सूचना प्रौद्योगिकी पारिस्थितिकी तंत्र अनि रेलवे को विकासमा नयाँ

मुख्यमंत्रको साथमा काम गर्न उत्सुक रहेको बताउनु भएको छ। कृषि एवं किसान कल्याण मंत्री अनि वरिष्ठ भाजपा नेता शिवराज सिंह चौहानले पनि श्रीमती गुप्तालाई शुभकामनाएं दिनुभएको छ। उत्तर प्रदेश के मुख्यमंत्री योगी आदित्यनाथले श्रीमती गुप्तालाई भाजपा विधान मंडलको नेता चुनिएकोमा शुभकामना दिनुभएको छ ।

****** ० ******

**जयशंकर - दक्षिण अफ्रीका**

विदेश मंत्री डॉ. एस. जयशंकर 2 दिनको यात्रामा आज दक्षिण अफ्रीकाको जोहान्सबर्ग प्रस्थान गर्नुहुनेछ। उहाले जी20 विदेश मंत्रिहरुको बैठकमा भाग लिनुहुनेछ। डॉक्टर जयशंकरले दक्षिण अफ्रीकाका अंतर्राष्ट्रीय सम्बन्ध अनि सहयोग मंत्री रोनाल्ड लामोलाको निमंत्रणमा यो भ्रमण गर्दै हुनुहुन्छ। विदेश मंत्रीकोयस यात्राले जी20 देशहरु सित भारतको भागीदारी दह्रिलो हुनेछ अनि यस महत्वपूर्ण मंचमा ग्लोबल साउथको आवाजलाई बल पुग्नेछ।

जी 20 देशहरुका विदेश मंत्रिहरुको बैठकको अवधि डॉ. जयशंकरले केहि द्विपक्षीय बैठकहरु पनि गर्नुहुने सम्भावना छ।

****** ० ******

**एशिया आर्थिक वार्ता**

9 ओ एशिया आर्थिक वार्ता आज देखि महाराष्ट्रको पुणेमा आयोजित भैरहेको छ। एशिया आर्थिक वार्ता भू-अर्थशास्त्र माथि विदेश मंत्रालयको प्रमुख कार्यक्रम **'ट्रैक 1.5 वार्ता' को** हिस्सा हो। तीन दिनको यो कार्यक्रम पुणे इंटरनेशनल सेंटरको सहयोग द्वारा गरिंदैछ। वार्ताको विषय **"विखंडन के युग में आर्थिक लचीलापन और पुनरुत्थान" राखिएको छ**। यस वार्तामा भू-अर्थशास्त्रको प्रमुख समसामयिक विषयहरु माथि चर्चा गरिनेछ। जसमा आर्टिफिशियल इंटेलिजेंस अनि ऑटोमेशन, साइबर सुरक्षाको आर्थिक अनिवार्यताहरु अनि हिंद महासागर क्षेत्र तथा **ब्लू इकोनॉमी को मुद्दाहरु सामेल छन्**। बैठकको उद्देश्य आर्थिक विखंडनको समस्याहरुको समाधान गर्नु अनि लचीलोपन तथा पुनरुत्थानको तरीकाहरु चिन्हित गर्नु पनि हो। एशिया आर्थिक वार्ता 2025 मा देश-विदेशका राजनीतिक नेता, वरिष्ठ सरकारी अधिकारी, शिक्षाविद, नीति निर्माता अनि उद्योग विशेषज्ञहरुले एकै साथ मिलेर विचार-विमर्श गर्नेछन्।

****** ० ******

सूरजकुंड मेला

हरियाणाको फरीदाबादमा चलिरहेको 38 ओ अंतर्राष्ट्रीय सूरजकुंड शिल्प मेलामा देशभरिकै आगन्तुकहरु सितै धैरै संख्यामा विदेशी पर्यटकहरु आईरहेका छन्। अहिले सम्म मेलामा 44 देशहरुका लगभग 650 विदेशी अतिथिहरुले भ्रमण गरिसकेका छन्। यस अवधि सबै विदेशी पर्यटकहरुले भारतीय संस्कृति, कला अनि खानपानको आनन्द लिईरहेका छन्। हरियाणा पर्यटन विभागका प्रबंध निदेशक सुनील कुमारले बताउनु भए अनुसार विदेशी पर्यटकहरुको सुविधाको लागि विभाग द्वारा विशेष प्रबन्ध गरिएको छ। यसमा विदेशी पर्यटहरुका लागि खान-पान, बस्ने , घूमने अनि गाइडको सुविधा सामेल छन्। श्री कुमारले भन्नुभयो कि मेलामा विदेशी पर्यटकहरुका लागि लगभग 100 स्टॉल पनि आरक्षित गरिएको छ। विदेशी पर्यटकहरुमा सबैभन्दा अधिक आगन्तुक बीमास्टिक, बेलारूस, कैमरून, इथोपिया, लेबनान अनि मिस्र जस्ता देशहरुबाट रहेको उहाले जानकारी दिनुभएको छ। श्री कुमारले भन्नुभयो - सूरजकुंड मेला सांस्कृतिक संचार व्यवस्थाको एउटा असल प्लेटफॉर्म हो , जहां विभिन्न राज्यहरु अनि देशका मानिसहरुले एक-अर्का सित आफ्नो संस्कृतिहरुको आदान-प्रदान गर्दछन्। आगन्तुकहरुले यस मेलामा आगामी 23 फरवरी सम्म भ्रमण गर्न सक्नेछन्।

****** ० ******

**ओडिशा-मुख्यमंत्री-नेपाल न्याय**

ओडिशाका मुख्यमंत्री मोहन चरण माझीले नेपालको दूतावासलाई आश्वस्त गर्नुभएको छ कि केआईआईटी विश्वविद्यालय भुवनेश्वरमा नेपालका एक छात्राको कथित आत्महत्याको मामलामा अवश्य न्याय पाउनेछन् । श्री माझीले हिज नेपाल दूतावासका दुई जना दूतहरुसित बात गर्नुभयो अनि आश्वासन दिनुभयो कि केआईआईटी परिसरमा शांति अनि सामान्य स्थिति स्थापित गरिनेछ जहां सैकड़ों नेपाली छात्र पडीरहेका छन् । मुख्यमंत्रीले घटना पछि ओडिशा छोडीसकेका नेपाली छात्रहरु सित पनि परिसरमा फर्केर आफ्नो पढ़ाई फेरी शुरू गर्ने आग्रह गर्नुभएको छ । ओडिशा सरकारले गृह विभागका अतिरिक्त मुख्य सचिवको अध्यक्षतामा एक उच्च स्तरीय समिति गठित गरेको छ जसले परिसर भित्र कथित उत्पीड़न पछि छात्राको कथित आत्महत्याको मामला बारे जांच गर्नेछ ।

****** ० ******

**महाकुंभ-संगोष्ठी**

प्रयागराजमा महाकुंभ अवधि कला कुंभ परिसरमा आध्यात्मिकता अनि संस्कृति माथि एक संगोष्ठीको आयोजना गरियो। महाकुंभ संवाद: भारतको आध्यात्मिक अनि सांस्कृतिक विरासत नामक संगोष्ठीमा महाकुंभको महत्व अनि संदर्भहरु माथी चर्चा भयो। यसमा इलाहाबाद विश्वविद्यालय अनि यूनेस्कोका प्रतिनिधि तथा अन्य शिक्षाविदहरु पनि शमिल थिए।

****** ० ******

**जम्मू-कश्मीर सरस आजीविका मेला**

जम्मू-कश्मीर ग्रामीण आजीविका मिशन-जेकेआरएलएम ले आज बाट जम्मूको कला केंद्रमा सरस आजीविका मेलाको आयोजना गर्ने छ। यो मेला भारतको कला, संस्कृति अनि परंपराहरुको जीवंत उत्सवको तेस्रो संस्करण हो। यस उत्सवको आयोजना ग्रामीण विकास अनि पंचायती राज विभाग द्वारा गरिन्दै छ। हाम्रो संवाददाताले बताए अनुसार 10 दिवसीय यस कार्यक्रमको उद्देश्य ग्रामीण कारीगर अनि उद्यमिहरुलाई सशक्त बनाउदै देशको विविध कला अनि शिल्पलाई उजागर गर्नु हो।

****** ० ******

**इस्राइल युद्धविराम**

एक इस्राइली अधिकारीले भनेका छन् कि प्रधानमंत्री बेंजामिन नेतन्याहूले हमास सित युद्धविरामको दोस्रो चरणको बातचीतको नेतृत्व गर्न आफ्नो एकजना नजिकको विश्वासपात्रलाई नियुक्त गर्नुभएको छ । अमरीकामा जन्मेका रॉन डर्मर एक कैबिनेट मंत्री हुन् , जसलाई श्री नेतन्याहूको सबैभन्दा नजिकको सलाहकार मानिन्छ । अमरीकामा इस्राइलका राजदूतको रूपमा कार्यरत रहेका रॉन डर्मर, ट्रंप व्हाइट हाउस सित बलियो समबन्ध राख्ने एक पूर्व रिपब्लिकन कार्यकर्ता हुन् । इस्राइल अनि हमास बीच युद्धविरामको दोस्रो चरणको बातचीत हुनु अझ बाकी छ । गजा अनि लेबनानको स्वास्थ्य मंत्रालयहरु अनुसार, 7 अक्टूबर, 2023 मा हमासको हमलाको कारण गजामा युद्ध शुरु भए पछि गजा अनि लेबनानमा पचास हजार भन्दा अधिक मानिसहरु मारीएका छन् अनि गजामा लगभग 70 प्रतिशत भवनहरु ध्वस्त भएको छ । 7 अक्टूबर, 2023 को हमलामा इस्राइलमा लगभग 1,200 मानिसहरु मारिएका थिए ।

****** ० ******

पुद्दुचेरी-अंग दाता

पुद्दुचेरी सरकारले भनेको छ कि शारीरिक अंगदान गर्नेहरुलाई उनीहरुको जीवन-रक्षक योगदानको सम्मानको रूपमा राजकीय सम्मान दिईने छ। यस पहललाई लागू गर्नको लागि दिशानिर्देश तैयार पारिएको छ। सरकारले **ब्रेन-डेड** मामलाहरु बारे तुरन्तै जिला कलेक्टरहरु अनि क्षेत्रीय प्रशासकहरुलाई सूचित गर्ने अस्पतालहरुलाई निर्देश दिएको छ। नयाँ दिशानिर्देशहरु अनुसार जिला कलेक्टर अनि क्षेत्रीय प्रशासकहरु अंग दाताहरुको आवासमा गएर उनीहरुलाई सम्मानित गर्नेछन्। यस बाहेक गणतंत्र दिवस अनि स्वतंत्रता दिवस जस्ता अवसरहरुमा उपराज्यपाल वा मुख्यमंत्रीले अंग दाताहरुका परिवारहरुलाई आधिकारिक समारोहहरुमा आमंत्रित गर्नेछन् अनि उनीहरुलाई सार्वजनिक रूपले सम्मानित गरिनेछ।

****** ० ******

आईसीसी-चैंपियंस ट्रॉफी

आईसीसी चैंपियंस ट्रॉफीको 9 ओ संस्करणको शुरुआतमा नै न्यूजीलैंडले हिज राती कराचीमा गत चैंपियन पाकिस्तानलाई 60 रनले पराजित गरेको छ। टॉस जितेर पहिला बल्लेबाजी गर्दै न्यूजीलैंडले 50 ओवरमा 5 विकेट गुमाएर 320 रन बनाए। टॉम लैथमले 118 रन बनाए जबकि विल यंगले 107 रन बनाए। जवाबमा पाकिस्तानको टीमले 47 ओवर 2 बलमा 260 रन मात्र बनाउन सके। बाबर आजमले 64 अनि खुशदिल शाहले 69 रन बनाए। रोहित शर्माको अगुवाईमा भारतको भिडन्त आज दुबई इंटरनेशनल स्टेडियममा बांग्लादेशसित हुनेछ। म्याच भारतीय समयानुसार अपरान्ह 2 बजेर 30 मिनेट जाँदा शुरू हुनेछ।

****** ० ******